पश्चिममा– भीमसेनस्थान जाने मूल सडकबाट उत्तर मरूसिंह सत्तल, महादेव मन्दिर, काष्ठमण्डप, मरू गणेशस्थान र जोशी आगम हुँदै प्याफल यटखा कुमारीस्थानसम्म साबिक कायम भएको संरक्षित रेखाबाट ४५ फिट पश्चिमसम्म ।

उत्तरमा– यटखा कुमारीस्थानदेखि पूर्व का.न.पं. को वडा नं. १९ को सिमाना गल्लीसम्म साबिक कायम भएको संरक्षित क्षेत्रबाट ४५ फिट उत्तरसम्म र त्यहाँबाट कम्पुकोट महेन्द्रेश्वर महादेव मन्दिर, मखन बजारको शिवलिङ्ग-स्थानसम्म साबिक कायम भएको संरक्षित क्षेत्रबाट १५० फिट उत्तर सार्ने र शिवलिङ्गस्थानबाट मखन बजार हुँदै इन्द्रचोकको आकाश भैरव मन्दिर-सम्म साबिक कायम भएको संरक्षित क्षेत्रबाट ४५ फिट उत्तरसम्म ।

आज्ञाले,
डा. नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी वाणिज्य मन्त्रालयअन्तर्गतका विराटनगर, वीरगञ्ज, भैरहवा र सुर्खेत वाणिज्य कार्यालयहरूलाई सोही नियमावलीको अनुसूची १ (ख) मा समावेश गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।